नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- ०८२।०८३
चलानी नं:- ३६

मिति २०८२।४।४

विषय:- पुनरावलोकन समितिको सदस्य तोकिएको

श्री सवै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय

नेपाल सरकारका सवै मन्त्रालय/आयोग/सचिवालय/कार्यालयहरुमा कार्यरत राजपत्रांकित द्वितीय र तृतीय श्रेणीका निजामती कर्मचारीहरुको वार्षिक कार्यसम्पादन मुल्यांकन गर्न निजामती सेवा नियमावली, २०५० को नियम ७८(५) वमोजिम गठन हुने पुनरावलोकन समितिमा, सोही नियमावलीको नियम ७८ को उपनियम ५(ख)मा **सेवा समुह सम्वन्धि मन्त्रालयको सचिव वा निजले तोकेको सम्वन्धित मन्त्रालय/सचिवालय/आयोग वा कार्यालयको राजपत्रांकित प्रथम श्रेणीको अधिकृत** सदस्य रहने व्यवस्था छ ।

आर्थिक वर्ष २०८१/०८२ को वार्षिक कार्यसम्पादन मुल्यांकन गर्ने प्रयोजनका लागि नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्यांक सेवा, नेपाल विविध सेवा र नेपाल इन्जनियरिंग सेवा, सिभिल समुह, जनरल इन्जिनियरिंग उपसमुहको हकमा सम्वन्धित मन्त्रालय/आयोग/सचिवालय/कार्यालयको कर्मचारी प्रशासन हेर्ने महाशाखाको राजपत्रांकित प्रथम श्रेणीको अधिकृतलाई निजामती सेवा नियमावली, २०५० को नियम ७८ को उपनियम ५(ख) वमोजिमको सदस्य तोकिएको व्यहोरा नेपाल सरकार (सचिवस्तर) को मिति २०८२।४।२ को निर्णयानुसार अनुरोध छ ।

२०८२।४।४

(हरि प्रसाद दाहाल)
शाखा अधिकृत

श्री सूचना प्रविधि शाखा
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार — प्रस्तुत पत्र मन्त्रालयको वेवसाइटमा राखिदिनु हुन ।